नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

आज मिति २०७७/०४/२२ गते प्रमुख जिल्ला अधिकारी श्री मोहन प्रसाद अर्यालको अध्यक्षतामा बसेको कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि गठित (CCMC अन्तर्गत) जिल्लागत संरचनाको बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति:**

| | | | |
|---|---|---|---|
| अध्यक्ष | प्र.जि.अ. | श्री मोहन प्रसाद अर्याल | जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व |
| सदस्य | सेनानी | श्री अमितजंग शाह | खड्गदल गण, सुरक्षा गुल्म, रुकुमकोट, रुकुम पूर्व |
| सदस्य | प्र.ना.उ. | श्री गजुसिद्दि बज्राचार्य | जिल्ला प्रहरी कार्यालय, रुकुम पूर्व |
| सदस्य | स.प्र.ना.उ. | श्री सुदन आचार्य | स.प्र.बल नेपाल गुल्म हे.क्वा. रुकुमकोट, रुकुम पूर्व |
| सदस्य | प्र.अ.अ. | श्री प्रविण पनेरु | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रुकुम पूर्व |
| सदस्य | स.प्र.जि.अ. | श्री अञ्जु पोखरेल | जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व |
| सदस्य | नि.मे.सु. | डा. श्री बद्री बैदवार | रुकुम पूर्व अस्पताल, रुकुमकोट |
| सदस्य | नि.स.अ. | श्री विमला रोका श्रेष्ठ | जिल्ला समन्वय समिति, रुकुम पूर्व |

**सल्लाहकार:**

| | | |
|---|---|---|
| प्रमुख | श्री गजेन्द्र बहादुर वली | जिल्ला समन्वय समिति, रुकुम पूर्व |
| अध्यक्ष | श्री रामसुर बुढा | भूमे गा.पा. रुकुम पूर्व |
| अध्यक्ष | श्री कुमारी बराल गौतम | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |

**आमन्त्रित:**

| | |
|---|---|
| उपाध्यक्ष श्री गोबर्धन बुढा | सिस्ने गाउँपालिका, रुकुम (पूर्व) |
| प्र.प्र.अ. श्री रविन्द्र बुढा क्षेत्री | पुथाउत्तरगंगा गाउँपालिका, रुकुम पूर्व |
| प्र.प्र.अ. श्री चन्द्रसिंह श्रेष्ठ | भूमे गाउँपालिका, रुकुम पूर्व |
| अध्यक्ष श्री यज्ञ प्रकाश मल्ल | उद्योग वाणिज्य संघ, रुकुम पूर्व |
| उद्योग अधिकृत श्री तारा प्रसाद शर्मा | घरेलु तथा साना उद्योग विकास समिति, रुकुम पूर्व |
| नि.का.प्र. श्री यादव प्रसाद शर्मा | स्वास्थ्य कार्यालय, रुकुम पूर्व |
| स्वास्थ्य संयोजक श्री सुरेन्द्र यादव | सिस्ने गाउँपालिका, रुकुम पूर्व |
| स्वास्थ्य संयोजक श्री उपेन्द्र यादव | भूमे गाउँपालिका, रुकुम पूर्व |

## निर्णय नं. १

कोभिड -१९ को रोकथाम नियन्त्रण तथा प्रतिकार्य सम्बन्धमा रुकुम पूर्व जिल्लामा भएका समग्र कार्यक्रमहरुको समीक्षा गर्दा जिल्लामा कोभिड -१९ को संक्रमण नियन्त्रणमै रहेकोले अवस्था सन्तोषजनक रहेको महशुस गरियो । यसमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग गर्ने तीनवटै गाउँपालिका, स्वास्थ्य कार्यालय तथा सम्बन्धित सबैलाई हार्दिक धन्यवाद दिँदै आगामी दिनमा समेत सहयोगको निरन्तरताको अपेक्षा गरियो ।

## निर्णय नं. २

हाल रुकुम पूर्व अस्पतालको हाताभित्र सञ्चालनमा रहेको आइसोलेसन सेन्टरको आषाढ मसान्तसम्म भएको खर्चको विवरण संलग्न गरी सोधभर्नाका लागि रुकुम पूर्व अस्पतालमार्फत प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयसमक्ष अनुरोध गरी पठाउने । सो बमोजिमको बजेट सामाजिक विकास मन्त्रालयबाट प्राप्त नभएमा तीनवटै गाउँपालिकाले दामासाहीको रुपमा खर्च व्यहोर्ने र श्रावण महिनापश्चात आइसोलेसन सेन्टरको खर्च (व्यवस्थापन तथा सञ्चालन खर्च) को आवश्यक बजेट व्यवस्थाका लागि *लागत अनुमान तयार गरी* रुकुम पूर्व अस्पतालमार्फत सामाजिक विकास मन्त्रालयसमक्ष अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

पछिल्लो समयमा कोरोना भाईरस (Covid-19) को संक्रमण बढ्दै गईरहेको र भविष्यमा यस जिल्लामा समेत त्यस्तो संक्रमण बढ्न सक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै जिल्लामा रहेको आइसोलेसन सेन्टरलाई कोभिड-१९ जोखिम अवधिभर व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक जनशक्तिको परिचालन तथा व्यवस्थापन रुकुम पूर्व अस्पतालले गर्ने गरी तपसिल बमोजिमका कर्मचारीहरुलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

### तपसिल

**क) स्वास्थ्यकर्मीहरुको व्यवस्थापन**

अ) सुपरीक्षवेक्षणः डा. बद्री वैदवार

आ) मेडिकल अधिकृतः डा. पूर्ण बहादुर पुन र डा. कृष्ण घर्ति

इ) स्वास्थ्य परिचारिकाः रुकुम पूर्व अस्पतालले खटाए बमोजिम

ई) ल्याब टेक्निसियन/असिष्टेन्टः श्री जीवन सुनार

उ) फर्मासिष्टः रुकुम पूर्व अस्पतालले खटाए बमोजिम

**ख) फोहरमैला व्यवस्थापन**

अ) सफाई सुपरीवेक्षकः नायब सुब्बा श्री प्रेम प्रसाद उपाध्याय

आ) सफाई कर्मचारीः रुकुम पूर्व अस्पतालले खटाए बमोजिम

## ग) बासस्थान तथा बन्दोबस्तीको व्यवस्थापन

अ) रूकुम पूर्व अस्पतालका नायब सुब्बा श्री प्रेम प्रसाद उपाध्यायको प्रत्यक्ष निगरानीमा रहने गरी आइसोलेसनमा बस्ने व्यक्तिहरू, सुरक्षाकर्मीहरु र स्वास्थ्यकर्मीहरुको खानपिनको व्यवस्था बि.एल.बि. होटलले गर्दै आएकोमा सोही बमोजिम निरन्तरता दिने ।

**निर्णय नं. ४**

हालसम्म जिल्लाका २६ स्थानमा ५७१ बेड क्षमताका क्वारेन्टाइनहरु सञ्चालनमा रहेका छन् । यसले नेपालभित्रैका अन्य जिल्ला, भारत तथा तेस्रो मुलुकबाट प्रवेश गर्ने व्यक्तिहरुलाई व्यवस्थापन गर्न सहज भई रुकुम पूर्व जिल्ला कोभिड-१९ नियन्त्रणभित्रै रहेको तथा समुदायस्तरमा नफैलिएकोले अझैं सुरक्षित अवस्थामा छ । निकट भविष्यमै विद्यालयहरु सञ्चालन गर्ने अवस्था आएमा समेत जिल्लाको तीनवटै पालिकामा कोभिड-१९ संक्रमणलाई समुदायस्तरमा फैलन नदिन हरेक पालिकाले कम्तिमा ५०/५० बेड क्षमताका क्वारेन्टाइनहरु तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

हाल रुक्मिणी माद्यामिक विद्यालय, रुकुमकोटलाई नेपालका अन्य जिल्ला, भारत तथा तेस्रो मुलुकबाट आएका व्यक्तिहरुलाई राख्ने होल्डिङ सेन्टर, क्वारेन्टाइन, आइसोलेसन सेन्टरको रुपमा उपयोग गरिँदै आएकोमा कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणमा आइनसकेकोले सो विद्यालयलाई जोखिम अवधिभर उल्लेखित प्रयोजनका लागि उपयोग गर्ने गरी निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

नेपालभित्रैका कोभिड-१९ संक्रमित क्षेत्रबाट यस जिल्लामा प्रवेश गर्ने व्यक्तिहरुबाट समेत समुदायस्तरमा संक्रमण जोखिम बढ्ने भएकाले प्रवेश विन्दुबाटै पहिचान गरी सम्बन्धित पालिकाले आवश्यकतानुसार छुट्टै क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने साथै पछिल्लो समयमा कोभिड-१९ बाट बच्नका लागि पालना गर्नुपर्ने स्वास्थ्य सुरक्षा मापदण्डहरु उदासिनता देखिएकाले कडाईका साथ स्वास्थ्य मापदण्डको पालना गर्न गराउन आवश्यक व्यवस्था गर्न सबै पालिका, सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी निकाय, संघसंस्था र सरोकारवाला सबैलाई अभिप्रेरित गर्न अनुरोध गर्ने निर्णय गरियो ।